# नटिंघममा दसैं कार्यक्रम सम्पन्न



नटिंघम/नेपाली समाज नटिंघमले बडादसैं तथा शुभदीपावली २०६७को उपलक्ष्यमा एक वृहत कार्यक्रम भव्यरूपमा सम्पन्न गरेको छ। नटिंघम बिलबरोस्थित गोर्खा किचन रेस्टुरेण्टको हलमा भएको उक्त कार्यक्रम नेपाली समाज नटिंघमका अध्यक्ष रणबहादुर केसीको अध्यक्षतामा भएको थियो भने कार्यक्रम सञ्चालन हरिकृष्ण कार्कीले गर्नु भएको थियो। कलाकारहरू रंगिविरंगी कपडामा र अन्य उपस्थित नेपालीहरू आ-आफ्नै भेषभुषामा सजिसजाउ भई हल भरिएको थियो। कार्यक्रमको सुरूमा रेस्टुरेण्टका प्रोपाइटर तथा नेपाली समाज नटिंघमका सदस्य आन्दिप आचार्यले हेल्थ एण्ड सेफ्टी सम्बन्धी जानकारी दिएपछि दुर्गा र गणेशस्थापना गरी बनाइएको सानो पुजा मण्डपमा नटिंघमशायरका लर्ड मेयर काउन्सिलर ब्रायन ग्रोककले दियो र अगरबत्ति जलाएर कार्यक्रम प्रारम्भ गर्नु भएको थियो।

उपस्थित अतिथि तथा सहभागीहरूको स्वागत सरला गुरूङले गर्नु भएको थियो। दसैंको बारेमा प्रकाश पार्दै स्वागत मन्तव्यको क्रममा गुरूङले भगवान श्री रामचन्द्रले युद्ध जितेर फर्केपछि खुसियालीमा र अन्याय अत्यचारको विरूद्धमा विजय प्राप्त गरेकोले सुख, शान्ति तथा सुस्वास्थको कामना आदन प्रदान गर्दै दसैं मनाउँदै आइएको बताउनु भएको थियो। वहाँको स्वागत मन्तव्यको लगत्तै दसैं आयो भन्ने गीतले सहभागीहरूको स्वागत गरिएको थियो।

साँस्कृतिक कार्यक्रमका संयोजक सुश्री सपना केसीले शुभकामना मन्तव्य दिँदै कार्यक्रमबारेमा जानकारी गराउनु भए लगत्तै 'कहाँ भेटिएला' भन्ने गीतको बोलमा सपना केसी र प्रगति भण्डारीले नृत्य प्रस्तुत गर्नु भएको थियो। विभिन्न गीतको बोलमा कलाकार सरस्वती थापा, प्रतिक्षा भण्डारी, गुड्डु पन्त, कृष्ण कँडेल, पुजा पाण्डे र दीपाले नृत्य प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा नेपाली समाज नटिंघमका सल्लाहकार तथा समाजसेवी सुरेश श्रेष्ठ, सचिव तारानाथ भण्डारी र कोषाध्यक्ष श्रीमती देवीमाया लिम्बूले विजया दशमीको शुभकामना मन्तव्य राख्नु भएको थियो। नेपाली राजदूतावास लण्डनका प्रतिनिधि गणेश अधिकारीले बडा दसैंको उपलक्ष्यमा शुभकामना आदन प्रदान गर्न पाँउदा सारै गोरवान्वित भएको बताउँदै शुभकामना व्यक्त गर्नु भएको थियो। वहाँले नेपालको राजनीतिक गतिरोधले चाँडै नै निकास पावोस् तथा नयाँ संविधान समयमा नै बनोस् भन्ने हामी सबै नेपालीको चाहना पुरा होस् भनी कामना पनि गर्नु भयो। प्रमुख अतिथि मेयर ब्रायन ग्रोककले पहिलो पटक यति धेरै नेपालीको बीचमा नेपालीहरूको महान चाड दसैंको कार्यक्रममा उपस्थित भएर शुभकामना दिन पाउँदा आफुलाई सारै खुसी लागेको बताउनु भयो। नेपाली खाना, कला संस्कृति तथा नाच देख्न पाउँदा आफूलाई भाग्यमानी ठानेको पनि वहाँले बताउनु भयो। वहाँले विजया दशमीको शुभकामना व्यक्त गर्दै नटिंघम समाजको प्रगतिको कामना पनि गर्नु भयो।

कार्यक्रममा संसद सदस्यहरू नटिंघम इस्टका क्रिश लेस्ली, नर्थका ग्राहम एलेन र साउथका लिलिएन ग्रीनउडले पठाउनु भएका शुभकामना सन्देश अध्यक्ष रणबहादुर केसीले पढेर सुनाउनु भएको थियो।

कार्यक्रममा उपस्थित अतिथिहरू तथा सहभागीहरू एवं देश विदेशमा रहेका सम्पूर्ण नेपालीहरूलाई विजया दशमीको उपलक्ष्यमा सुख, सुस्वास्थ्य, उन्नति तथा प्रगतिको शुभकामना प्रदान गर्दै अध्यक्ष केसीले कार्यक्रम सफल बनाउन खट्नु हुने सबैलाई धन्यवाद दिनु भयो। वहाँले विदेशमा रहेर पनि यसरी एकै ठाउँमा भेला भएर दसैं कार्यक्रम गर्न पाउँदा आफूलाई निर्क गर्व लागेको र नेपालमा नै भएको अनुभूति भएको पनि बताउनु भयो। अध्यक्ष केसीले जाहाँ भए पनि जुनसुकै देशको नागरिक बने पनि आफ्नो मातृभूमि सधैं प्यारो हुन्छ र रीति रिवाज, कला, संस्कृतिबाट कहिल्यै टाढा हुँदैनौं र हुन पनि हुँदैन भन्नु भयो।

'विदेशमा रहँदा पहिला आफूलाई म नेपाली हुँ भन्नुहोस् र त्यसपछि मात्र जातजाति, पेशा, भाषा-भाषीको कुरा गर्नु होस्। हाम्रोबीचमा सदभाव र एकता कायम हुनु जरूरी छ। त्यस्तै एक अर्काको सुख दुखमा हातेमालो गरेर अगाडि हामी सबैको भलो हुन्छ ' - वहाँले भन्नु भयो। वहाँले नयाँ पिढीलाई आफ्नो पुर्ख्यौली नभुल्न र यहाँ रहँदा राम्रो कुराको सिको गर्ने र नराम्रो लतमा नफस्नको लागि पनि आग्रह गर्नु भयो।

अन्तमा वहाँले भन्नुभयो- 'नेपाली जनताले लामो संघर्षपछि ल्याएको राजनीतिक परिवर्तनलाई बीचैमा तुहाउने काम कतिपय राजनीतिक पार्टीबाट हुन लागेकोले संविधान बनाउने काम गौण बन्द गएको छ, त्यसको विरूद्ध आवाज उठाउन, प्राप्त राजनीतिक उपलव्धीहरूलाई रक्षा गर्न शक्ति प्राप्त होस् तथा संविधान निर्माण गरी देशलाई नयाँ दिशा प्रदान गर्न सवै राजनीतक पार्टीका नेताहरूमा सदबुद्धी पलावोस्, नेपालको वर्तमान राजनीतिक अन्योल अन्त्य भई शान्तिपूर्ण एक समृद्धशाली राष्ट्रको रूपमा अगाडि बढेको देख्न पाइयोस्।'

मन्तव्यकै क्रममा अध्यक्ष केसीले नेपाली समाज नटिंघमको भावी कार्यक्रम बारेमा जानकारी दिँदै निकट भविष्यमा अफिस, नेपाली पुस्तकालय र नेपाली पढाईको व्यवस्था समेत गर्ने योजना बनाइएको हुँदा सो संस्थाको सदस्य बनिदिनु हुन समेत अनुरोध गर्नु भयो। कार्यक्रममा नेपाली खानाको व्यवस्था सो संस्थाका उपाध्यक्ष विष्णु गुरूङ र सह सचिव दिपक सापकोटाले गर्नु भएको थियो। त्यसैगरी यातायात तथा हलमा टिकट को व्यवस्था उपाध्यक्ष प्रविण पाण्डे, सदस्य शिव श्रेष्ठ, लोक गुरूङ, सल्लाहकार सदस्य पूर्णभद्र कँडेल र पुण्डरी अर्यालले गर्नु भएको थियो भने म्युजिक सिस्टमको व्यवस्था सदस्य लालबहादुर थापा, हरि सापकोटा र ईश्वर केसीले गर्नु भएको थियो।

# बेलायतमा तमु बिचार गोष्ठी सम्पन्न



**भेग च्हाक्ली तमु**

फार्नबरो/गत २३ अक्टोबर २०१०, शनिबारको दिनमा वेभल स्कुल फार्नबरोमा पहिलो तमु बिचार गोष्ठी सम्पन्न भएकोछ। तमु प्ये ल्हु संघको बिसौं स्थापना दिवसको शुभ अवसरमा तमु प्ये ल्हु संघ यूकेले आयोजना गरेको उक्त तमु बिचार गोष्ठीमा बेलायतभरि स्थापना भएका विभिन्न तमु संघ-संगठनहरूलाई प्रतिनिधी सहित निमन्त्रणा गरिएको थियो। जसमा पैंयुखोला तमु समाज, तमु धी, गोर्खा जिल्ला तमु समाज, केन्ट तमु समाज, सोंपाल तमु समाज, सिक्लेस-पार्चे तमु समाज, तमु ह्ये तमु समाज, लम्जुङ्ग समाज, तमु धी लण्डन ब्रान्च, ननिंटन तमु समाज, चार भञ्ज्याङ्ग तमु समाज लगायत एन.आर एन. युके, नेपाली जनसम्पर्क समिति, चितवन ट्रस्ट युके र नेपाली टिभीको प्रतिनिधि सहित सहभागी भएका थिए।

तीन चरणमा सन्चालन गरिएको गोष्ठीको पहिलो औपचारिक कार्यक्रम प्रमुख अतिथि प्राध्यापक नारायण ल्हेँगे तमुबाट पानसमा दीप प्रज्वलन र गोष्ठीको व्यानर प्रोजेक्टरबाट प्रदर्शन गरेर उद्घाटन गरिएको थियो भने संघका अध्यक्ष जगत प्हच्यु तमुको सभापतित्वमा सचिवबाट कार्यक्रम सञ्चालन भएको थियो। सहसचिव जीत क्रोम्छे तमुले हेल्थ एण्ड सेफ्टी सम्बन्धी जानकारी गराउनु भएको थियो। कार्यक्रममा उपाध्यक्ष सोम त्होर्जे तमुले उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो भने तमु धीका अध्यक्ष सुवासिं लेम तमु, पैयुंखोला तमु समाजका अध्यक्ष क्या. डेम बहादुर योज तमु, गोर्खा जिल्ला तमु समाजका उपाध्यक्ष फडकजीत तमु, केन्ट तमु समाजका अध्यक्ष गुन बहादुर तमु, तमु ह्ये तमु समाजका महासचिव ले. लाल तमु, लम्जुङ्ग समाजका अध्यक्ष चन्द्र प्रसाद तमु, ननिंटन तमु समाजका उपाध्यक्ष बखत बहादुर तमु, एन.आर.एन. युकेका अध्यक्ष सूर्य तमु, नेपाली जनसम्पर्क समितिका अध्यक्ष लोक तमुले शुभ कामना मन्तव्य दिनु भएको थियो। कार्यक्रममा तमु ह्युला छोँज धिँ केन्द्रीय समिति, तमु प्ये ल्हु संघ केन्द्रीय समिति र तमु भाषा तथा खेमा लिपि विकास केन्द्रीय समितिले गोष्ठी सफलताको लागि नेपालदेखि पठाएको शुभ कामना सन्देश पनि सुनाईएको थियो।

गोष्ठीको दोस्रो चरणमा गोष्ठीका प्रस्तोताहरूबाट आ-आफ्नो बिचार प्रस्तुत गरिएको थियो। गोष्ठीको प्रस्तोताहरूमा प्राध्यापक नारायण ल्हेँगे तमु, पच्यु पैंडी चिवा यारजङ्ग क्रोम्छे तमु, डा. चन्द्र बहादुर लेम तमु र संघका अध्यक्ष जगत प्हच्यु तमु हुनुहुन्थ्यो भने वहाँहरूले क्रमशः तमु ल्होसार पर्व, प्येताँ ल्हुताँ, प्ये र संस्कारको व्यवहारिकता र तमु प्ये ल्हु संघको औचित्यको सम्बन्धमा आ-आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो।

तेस्रो चरणमा अन्तरक्रिया कार्यक्रम राखिएको थियो जसमा उपस्थित जनसहभागीहरूले प्रस्तोताहरूप्रति थुप्रै प्रश्न तथा जिज्ञासाहरू राखेका थिए। समय अभावको कारण प्रश्न तथा जिज्ञासा राख्न सिमित समय तोकिएको थियो भने सोधिएका जिज्ञासा तथा प्रश्नहरूको जवाफ सम्बन्धित प्रस्तोताहरूले पालैपालो दिनु भएको थियो। गोष्ठीमा नास्तापानीको समेत बन्दोवस्त गरिएको थियो जुन तमु ह्ये तमु समाज, पैंयुखोला तमु समाज, नीन टु तमु, ले. लाल तमु, रामकाजी त्होर्जे तमु, उपाध्यक्ष सोम त्होर्जे तमु र अध्यक्ष जगत प्हच्यु तमुले सौजन्य गर्नु भएको थियो भने तमु प्ये ल्हु संघ युवा समितिका अध्यक्ष योगेश च्हमु तमु, सचिव विशाल प्हच्यु तमु, कोषाध्यक्ष बिरेन्द्र ल्हेँगे तमु र साँस्कृतिक सचिव रविन सर्बुज तमुले व्यवस्थापनमा सघाउनु भएको थियो। गोष्ठीमा तमु धार्मिक स्थल क्होईवोको फोटो, प्येका किताव तथा खेगीहरूको सामाग्रीहरू प्रदर्शनीमा राखिएको थियो।

# पिटरबरोमा दसैं कार्यक्रम सम्पन्न

पिटरबरो/पिटरबरो र स्पाल्डिंग वरपर बस्ने नेपाली समुदायले २०६७ को दसैं नांचगान र डिनर पार्टीका साथ भव्यरूपमा मनाएका छन्। पिटरबरो नेपाली समाजको आयोजनामा यही अक्टोवर १५ तारिख पिटरबरोको स्थानीय वेष्टउड (स्टाफोर्ड) हलमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा पिटरबरो लगायत स्पाल्डिंग, ग्रान्थाम र लण्डनबाट पनि नेपालीहरूको सहभागिता रहेको थियो।

पिटरबरो काउन्सिलका डेपुटी मेयर बेला सल्टमार्शको प्रमूख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेपाली संस्कृति झल्कने गरी गुन्युचोलीको पहिरनमा साना नानीहरू सुबिधी खतिवडा तथा स्नेहा भट्टले स्वागत नृत्य प्रस्तुत गरेका थिए। लोकप्रिय नेपाली गीत माईतीघर बोलको गीतमा सुश्री सुष्मा धिताल तथा ईमिला अधिकारीले उत्कृष्ट नाच नाचेका थिए भने सुष्मिता धिताल, बिनु लामिछानेको नाचमा सबैजना झुमेका थिए।

प्रमूख अतिथि डेपुटी मेयर बेला सल्टमार्शले दसैंको शुभकामना दिदै पिटरबरोमा नेपाली समुदायको उल्लेख्य उपस्थिति देख्दा आफूलाई खुशी लागेको बताउनुभयो। बेलायत र नेपालबीच सदीयौंदेखिको सुमधुर सम्बन्ध भएको बताउंदै नेपाली समुदायलाई सक्दो सहयोग गर्ने बचन पनि वहाँले दिनुभयो। यसैगरी अर्का अतिथि काउन्सिलर गुल नवाजले नेपाली कार्यक्रममा पहिलोपटक उपस्थिति हुन पाउंदा उक्त अवसर प्रदान गर्ने पिटरबरो नेपाली समाजलाई धन्यवाद दिदै दसैंको शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रममा अन्य अतिथिहरू डेपुटी मेयर कन्सर्ट नरमन सल्टमार्श, काउन्सिलर ह्यारी न्यूटन तथा कम्युनिटी डेभलपमेन्ट संयोजिका कासिया चिवाको पनि उपस्थिति थियो।

दुर्गा पूजा तथा राष्ट्रिय गान गाएर शुरू भएको औपचारिक कार्यक्रमको सभापतित्व समाजका अध्यक्ष महेश अधिकारीले गर्नुभएको थियो। अतिथि लगायत आगन्तुक सबैलाई स्वागत गर्दै समाजका महासचिव केशव भण्डारीले स्वागत मन्तव्य दिनु भएको थियो। पिटरबरोस्थित नेपाली समुदायको जेष्ठतम सदस्य ८७ वर्षीय छत्रराज पाण्डेले सबैलाई दसैंको शुभकामना सहित आशिर्वाद दिनुभयो। यसैगरी साहियत्यकार विजयराज न्यौपानेले गीति शैलीमा गाएर दसैंबारे जानकारी गराउनुभयो। समाजका अध्यक्ष महेश अधिकारीले सभापतिको आसनबाट बोल्दै पहिलो पटक नेपालीको कार्यक्रममा पिटरबरो काउन्सिलका पदाधिकारी उपस्थिति भई समाजको हौसला बढाएको बताउनु भयो। उपस्थिति पाहुनाहरू एवं समाजका सम्पूर्ण सदस्यहरूलाई धन्यवाद दिंदै दसैंको शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रमको संचालन समाजका कोषाध्यक्ष पवन शर्मा तथा सदस्य दीपक कंडेलले संयुक्त रूपमा गर्नुभएको थियो।

सांझ ६ बजेदेखि मध्यरातसम्म चलेको दसैंको रमाईलो कार्यक्रममा सबैजना सामूहिक नाचगानमा रमाएका थिए। कार्यक्रमलाई सुमेर ज्ञवाली, हेम भट्ट, नृपेश उप्रेती, राजेश अधिकारीको एकल गायन र भरत पाण्डे एवं प्रगति पाण्डेको मुक्तक र कविताले रोचक बनाएको थियो। समाजका सदस्यहरूबाट तयार पारिएको सेलरोटी सहितको मीठो नेपाली खानाको स्वादले पनि दसैंको झझल्को दिएको थियो। कार्यक्रमको अन्ततिर राफल चिट्ठा पनि खोलिएको थियो।

## तिहारपछि....

काठमाडौंको राजनीतिक सरगर्मी बढ्ने निश्चित जस्तै छ। विश्वस्त सूत्रका अनुसार प्रधानमन्त्रीका एक्ला धावक रामचन्द्र पौडेलले आफू राम्रै हाँस्य पात्र बन्दै गइरहेको सन्दर्भ पार्टीका नेताहरूलाई सुनाउन थालेका छन्। यस सवालमा कांग्रेस सभापति सुशील कोइराला समेत गंभीर भएको पनि एक सुत्रले बताएको छ।

उता बजेट पेश गर्ने सवालमा अहिलेसम्म पनि सरकार र प्रतिपक्षी दल माओवादी बीचमा सहमति बन्न सकेको छैन। सरकार अहिले बजेट प्रस्तुत गर्ने तयारीमा लागेको भए पनि सभामुखले प्रतिपक्षी दलको सहमति लिनको लागि प्रधानमन्त्रीलााई सल्लाहा दिएका छन्। तर सरकार बहुमतको आाधारमा भए पनि बजेट पारित गराउनु पर्ने कुरामा जोड दिई रहेको छ।

समग्रमा नेपालको राजनीतिक गाइजात्राले यस वर्षको दशैंमात्र होइन तिहार पनि कटाउने भएको छ। तिहारपछि मात्र निकासको लागि प्रयास हुने भएको छ र तिहार पछि चाँडै नै निकास निस्कने आशा विश्लेषकहरूको रहेको छ।

## साहारा यूकेल.....

दक्षिणमा अवस्थित दुबिलामा जग्गा खरीद गरी निर्माण कार्य समेत भइरहेको छ।

यस पटक तिहारमा खेलिने भैलोबाट उठेको रकम नेपालमा आहा गोल्ड कपमा खेल्न जाने खेलाडीहरूको लागि खर्च गरिने र बाँकी रकम साहारा क्लव नेपाललाई हस्तान्तरण गरिने साहारा यूकेले जनाएको छ। आहा गोल्ड कपमा यस वर्ष गत वर्षभन्दा राम्रो खेलाडी छनौट गरी लानुपर्ने भएकोले पनि खर्च बढी लाग्ने हुँदा यस पटकको भैलो देउसी खेलिएको पनि साहारा क्लवले जनाएको छ। संयोजक गुरूङले यस पटकको देउसी भैलो कार्यक्रममा स्वेच्छिक सहयोगको अपेक्षा राखेको पनि बताउनु भएको छ।

Visit
www.visionsansar.com

**Looking for volunteers**

Pratik Adhikary at the BU is looking for Nepalese migrants currently living in the UK who have worked in the Middle East or in Malaysia as a migrant worker. He would like to find out what it was like as part of his PhD study. If you are interested in helping him please phone 07846753082 or email, padhikary@bournemouth.ac.uk

**स्वयंसेवकको खोजी**

बोर्नमाउथ विश्वविद्यालयमा अध्ययनरत प्रतिक अधिकारीले आफ्नो अध्ययनको क्रममा विगतमा मध्यपूर्व र मलेसियामा कार्य अनुभव भएका तर हाल यूकेमा बसिरहनु भएका नेपाली खोजिरहनु भएकोछ। यदि तपाई सहयोगका लागि इच्छुक हुनुहुन्छ भने कृपया ०७८४६७५३०८२ मा अथवा padhikary@bournemouth.ac.uk मा सम्पर्क गर्नु होला।

**Attention Chefs and Waiters!**

**ARE YOU WORRIED ABOUT YOUR WORK PERMIT AND VISA EXPIRY?**

- Does your Visa need extended but you cannot get new Sponsorship from your current employer?
- Does your employer need a Sponsor Licence?
- Has your employer been refused a Licence?

**WE CAN HELP YOU**

- We can GUARANTEE extension of your work permission and visa with your current employer
- We can GUARANTEE Sponsor Licence approval

**SPONSOR LICENCE HOLDERS**

- Are you confused and concerned about recent changes in your sponsor certificate allocation?
- Are you getting nowhere with solicitors?

**THEN CALL US RIGHT NOW!**

At your service 9.00 am to 11.00pm – 7 days

**Call 0141 314 3596 or 07702 844257 Ask for Bishnu**

**Goldstar Chefs** Restaurant Staff Recruitment Agency & Sponsor Licence Specialists

**NATIONWIDE SERVICE 0141 314 3596** www.goldstarchefs.co.uk bishnu@goldstarchefs.co.uk